# 'वयोवृद्ध कोइलीको बिलौना' कविताको शैलीवैज्ञानिक विश्लेषण

**धनपति कोइराला (पिएच. डी.)**

**सारवस्तु :** *प्रायोगिक भाषाविज्ञानको शाखाका रूपमा विकसित शैलीविज्ञान साहित्यिककृतिको विश्लेषण गर्ने एक समालोचनात्मक पद्धति हो । यस पद्धतिका साहित्यिक संरचनाअन्तर्गत बनोट र बुनोट, शैलीअन्तर्गत चयन, अग्रभूमीकरण तथा भाषिक संरचनाअन्तर्गत ध्वनिव्यवस्था, वर्णव्यवस्था र अर्थव्यवस्था उल्लेख गरी यसनुसार कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'वयोवृद्ध कोइलीको बिलौना' कविताको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । यसमा गुणात्मक विधिअन्तर्गत पुस्तकालयीय कार्य गरिएको छ । बनोटअन्तर्गत अन्वितित्रयको परिपालनाद्वारा मानवीय जीवनको व्यञ्जना र करुण रसभाव प्रस्तुत छ । बुनोटअन्तर्गत शिखरिणी छन्दका पाँच पद्यमा सीमित पाठमा चारवटा बिम्ब र कोइली प्रतीकका रूपमा, रूपक र उपमा अलङ्कार प्रस्तुत छन् । भाषिक संरचनाअन्तर्गत ध्वनिव्यवस्थामा खण्डीयअन्तर्गत अ, आ, इ, ई उ, ऊ स्वरवर्ण र व्यञ्जनअन्तर्गत ज्, य्, ल्, त्, ह्, म्, छ्, न्, ग्, ख्, र्, प्, च, ञ्, ट्, ठ्, क्, ध्, ब्, स्, व्, ढ्, द्, ङ्, थ्, ष्, घ्, श् वर्णहरू प्रयोग भएका छन् । शब्दव्यवस्थाअन्तर्गत १४३ शब्दहरूमध्ये कार्यका आधारमा नाम ३९, सर्वनाम १३, विशेषण ५३, क्रियापद २४, स्रोतका आधारमा ४३ तत्सम, ९९ तद्भव, १ आगन्तुक, संरचनाका आधारमा २७ व्युत्पन्न र बाँकी अव्युत्पन्न, २ नामयोगी, १ संयोजक, विस्मयादिबोधक पाँच, ६ क्रियाविशेषण, २७ रूपायित शब्दहरू, २२ नाम पदावली, ४ क्रियापदावली, २ क्रियाविशेषण पदावली, १ नामस्थानिक पदावली, ४ उपवाक्य र ३ वाक्यहरू प्रयोग भएका छन् । आर्थी व्यवस्थाअन्तर्गत ६ पर्यायवाची, ४ विपरीतार्थी, १६ अनेकार्थी तथा ४ समावेशी शब्दहरू, शैलीअन्तर्गत चयनअनुरूप उज्यालो, हिमचुली, गगन, रुख, पवन, खग, मधुर, वय, जवानी, स्वर्ग, निशि, हृदय, गति, गौरव, आँखा, तन र उषापदहरू प्रस्तुत छन् । विचलनअन्तर्गत व्याकरणिक, वर्णविन्यास, वर्णात्मक, आर्थीविचलन र समानान्तरताअन्तर्गत वाक्यावृत्ति र अन्त्यानुप्रासको प्रयोग गरिएको छ । 'मधुर वय कहाँ गयो' प्रश्न उब्जाएर 'त्यो मेरो वय सब गयो' उत्तर दिइएको छ ।*

**विशेष पदपदावली :** चयन, अग्रभूमीकरण, विचलन, समानान्तरता, वयोवृद्ध

## विषय प्रवेश

कविता साहित्यका विभिन्न विधाहरूमध्ये सबैभन्दा पुरानो विधा हो । यो लयात्मक वा साङ्गीतिक प्रकृतिको हुन्छ । कवि शब्दमा 'ता' प्रत्यय लागेर बनेको कविता शब्दले प्रतिभाशाली, वर्णनक्षमता भएको र जीवनजगत्बारे राम्रो ज्ञान राख्ने कविद्वारा लयमा आबद्ध भई प्रस्तुत गरिएको कलात्मक भाषिक रचनालाई अभिव्यक्त गर्दछ । पूर्वीय साहित्यको प्रारम्भिक कालखण्डमा छन्दका आधारमा साहित्यलाई गद्य र पद्य गरी दुई भेदमा वर्गीकरण गरिएको पाइन्छ (भामह, सन् २००२) । छन्दको प्रयोग गरी रचिने साहित्यिक विधालाई कविता भनिन्छ । वर्तमानमा छन्द र छन्दहीन तर अन्तर्साङ्गीतिकता भएको गद्य कवितालाई पनि कविताकै रूपमा ग्रहण गरिएको छ । कविता भनेको मुख्य रूपमा लयात्मक शैलीमा एकालापीय कथनपद्धति अँगालेर लेखिएको एक साहित्यिक विधा हो जसले लाक्षणिक अनुभूतिलाई प्रतिबिम्बित गर्दछ ।

कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं.१९२१, कास्की) नेपाली साहित्यका उज्ज्वल नक्षत्र हुन् । उत्तरमध्यमा तहसम्मको औपचारिक शिक्षा हासिल गरेका पौड्यालका *बुद्धि विनोद* (१९६९), *सत्यकलि संवाद* (१९७०), *ऋतु विचार* (१९७३), *तरुणतपसी* (२०११) प्रकाशित छन् (ओझा, २०७७) । उनी परिष्कारवादी कवि हुन् । उनका कवितामा परिष्कारधर्मिता, आध्यात्मिक सञ्चेतना, मानवतावाद, नीतिचेतना, प्रकृतिपरकता आदि प्रवृत्ति फेला पर्दछन् (ओझा, २०७७) । उनको देहावसान २०२२ सालमा देवघाटमा भएको थियो ।

'वयोवृद्ध कोइलीको बिलौना' एउटा सुन्दर कविता हो । यसमा पाँच पद्यहरू प्रस्तुत छन् । शिखरिणी छन्दमा संरचित यस कवितालाई तत्त्वका आधारमा अध्ययन गरिएको पाइए पनि शैलीविज्ञानका मूल्य र मान्यता अनुसरण गरी अध्ययन गरिएको पाइँदैन । यसर्थ प्रस्तुत लेखमा शैलीवैज्ञानिक सिद्धान्त अनुसरण गरिएको छ ।

## समस्याकथन र उद्देश्य

अतिशय लोकप्रिय, व्यञ्जनाप्रधान, स्नातकोत्तर तहको पाठ्यक्रममा समेत समावेश भएको प्रस्तुत 'वयोवृद्ध कोइलीको बिलौना' कविताको अध्ययन विभिन्न कोणबाट भएको अवस्थामा शैलीविज्ञानका आधारमा पनि हुनु आवश्यक देखिएको छ । यसर्थ प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेर गरिएको छ :

क) शैलीविज्ञानअनुसार कृतिको विश्लेषण गर्ने सैद्धान्तिक प्रक्रियाको सङ्क्षेपमा उल्लेख गर्नु

ख) कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'वयोवृद्ध कोइलीको बिलौना' कविताको शैलीवैज्ञानिक मान्यताका आधारमा विश्लेषण गर्नु ।

## पूर्वकार्यको समीक्षा

नेपालद्वारा सन् १९८७ मा प्रकाशित *शैलीविज्ञान* शीर्षकको कृति सन् २००९ मा पुनः परिष्कृत र परिवर्द्धित भई प्रकाशित भएको छ । यसमा साहित्यिक कृतिहरूको विश्लेषणका निम्ति आवश्यक आधारहरू प्रस्तुत गरिएको छ । शर्माद्वारा २०५५ सालमा प्रकाशित *समकालीन समालोचना सिद्धान्त र प्रयोग* शीर्षकको कृति २०६३ सालमा पुनः परिष्कृत भई प्रकाशित भएको देखापर्दछ । यसमा शैलीविज्ञानका आधारभूत मान्यता प्रस्तुत गरिएको छ । सैद्धान्तिक पक्षको पर्यालोचनसँगै उदाहरणबाट त्यसलाई संबलित तुल्याइएको छ । गौतमद्वारा (२०६२) *अश्वत्थामा गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यसमा पनि शैलीविज्ञानका आधारभूत मान्यताहरू प्रस्तुत गरी यसका आधारमा कृतिको विश्लेषण गरिएको छ । गुणात्मक विधिअनुरूप अध्ययन गरिएको यस शोधकार्यमा शैलीविज्ञानका दृष्टिले कृति उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । पुडासैनीद्वारा २०६२ सालमा *राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । गुणात्मकविधि उपयोग गरिएको प्रस्तुत शोधमा राजेश्वरी खण्डकाव्यलाई पनि शैलीविज्ञानका मान्यतानुरूप उत्कृष्ट रचना रहेको निष्कर्ष निकालिएको छ । अधिकारीद्वारा २०६३ सालमा *कुञ्जिनी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यसमा पनि गुणात्मक विधिअनुरूप शैलीविज्ञानका मूल्यमान्यताहरू उपस्थापित गरी त्यसका आधारमा कृतिको मूल्य अन्वेषण गरिएको छ । प्रस्तुत अध्ययनमा शैलीवैज्ञानिक प्रणालीअनुरूप कृति उत्कृष्ट रहेको निचोड निकालिएको छ । भट्टराईद्वारा २०६७ सालमा सुकुना बहुमुखी क्याम्पस, मोरङबाट *प्रेतकल्प उपन्यासको शैली वैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यसमा शैलीविज्ञानका आधारभूत मान्यताहरूमा केन्द्रित रहेर कृतिको मूल्य अन्वेषण गर्ने कार्य गरिएको छ । गुणात्मक विधिअनुसरण गरिएको प्रस्तुत अध्ययनमा पनि शैलीविज्ञानका आधारमा कृति उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । गौतमद्वारा २०७२ सालमा

*अन्धवेग नाटकको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यसमा पनि शैलीवैज्ञानिक मान्यता उल्लेख गरी यसका आधारमा कृतिको विश्लेषण गरी कृतिका शिल्पगत सौन्दर्य तथा भावगत गहनता पहिल्याउने कार्य गरिएको छ ।

यसप्रकार विभिन्न शोधार्थीहरूद्वारा गरिएको शोधकार्य तथा विभिन्न ग्रन्थाकारहरूबाट तयार पारिएका प्रस्तुत कृतिहरूले यस अनुसन्धानमूलक लेखको शैलीवैज्ञानिक सिद्धान्तको अनुशीलन तथा अनुसन्धेय कविताको अध्ययन तथा विश्लेषण गर्ने कार्यमा ठोस सहयोग पुऱ्याएका छन् ।

## अध्ययनविधि

प्रस्तुत शोध गुणात्मक विधिमा आधारित छ । यसमा मुख्यतः पुस्तकीय कार्यको उपयोग गरिएको छ । प्राप्त सामग्रीलाई तालिकीकरण गरी त्यसलाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ । तिनलाई वर्णन गर्न वर्णनात्मक र विश्लेषण गर्न विश्लेषणात्मक विधि उपयोग गरिएको छ । यसमा लेखनाथ पौड्यालद्वारा लिखित *'वयोवृद्ध कोइलीको बिलौना'* कवितालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । शैलीविज्ञानको सैद्धान्तिक अनुशीलनका लागि विभिन्न भाषावैज्ञानिकद्वारा लिखित शैलीवैज्ञानिक समालोचनासँग सम्बन्धित शोधग्रन्थहरू, शैलीविज्ञानका ग्रन्थहरू, विभिन्न तहका शैलीविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरू, शोधलेख र लेखको ढाँचाका निम्ति *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* एवम् भाषिक अनुसन्धान विधि ग्रन्थहरूलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## शोधकार्यको परिसीमा

यस अध्ययनमा शैलीवैज्ञानिक विश्लेषणका मान्यतामा आधारित रहेर कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित 'वयोवृद्ध कोइलीको बिलौना' कवितामा रहेका पाँचपद्यको मात्र विश्लेषण गरिएको छ । शैलीविज्ञानको सामान्य परिचय र शैलीवैज्ञानिक विश्लेषण सिद्धान्तको अतिशय सङ्क्षिप्त चर्चामात्र गरिएको छ । कृतिको शैलीविश्लेषणअन्तर्गत साहित्यिक संरचना (बनोट र बुनोट) कृतिको शैली (चयन र अग्रभूमीकरण) र भाषिक संरचना (ध्वनि, शब्द र व्याकरण व्यवस्था)का आधारमा मात्र विश्लेषण गरिएको छ ।

## शैलीविज्ञानको परिचय

संस्कृतको 'शील्' (समाधौ) धातुमा 'अ' ('घञ्' : कृत्सर्ग) प्रत्ययको योग हुँदा 'शील' शब्द व्युत्पादित हुन्छ । संस्कृत ग्रन्थमा अन्जन विद्याका देवता, स्वभाव, एकाग्र हुनु वा अभ्यस्त हुनु, सदाचार अर्थमा शील शब्दको प्रयोग भएको छ । यही शील शब्दबाट स्वार्थमा 'ष्यञ्' र 'ई' प्रत्ययको यौगिक प्रक्रिया ('ष्यञ्'को लोप तथा आदिवृद्धि) बाट शैली शब्द निर्माण भएको हो (आप्टे, सन् २००७) । यसको शाब्दिक अर्थ रीति, ढङ्ग वा ढाँचा भन्ने हुन्छ । यसले लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने अथवा विषयानुकूल भाव अभिव्यक्त हुने खास ढाँचालाई सङ्केत गर्दछ । शैलीलाई चयन, चयन र संयोजन, विचलन, वितरण, कथ्य र रूप, भाषा, अर्थ, कौशलका रूपमा पनि अर्थ्याइएको छ (शर्मा, २०६३)। शैलीलाई चयन, मानकबाट विचलन, अन्तर्वाक्यीय वैशिष्ट्य र एउटा अतिरिक्त प्रभावकारी तत्त्वका रूपमा पनि हेरिएको छ (नेपाल, सन् २००९) । यसमा विशिष्टता, शिल्पगत सबलता र संरचनागत सशक्तता रहेको हुन्छ ।

यो अङ्ग्रेजीको stylistics को नेपाली रूपान्तर शब्द हो । style मा ist / ics को योग हुँदा stylistics शब्द व्युत्पादित हुन्छ । साहित्यमा style शब्दको भाव-अभिव्यक्तिको पद्धति, लेखकको अभिव्यञ्जना पद्धति र उसको वैयक्तिक विशिष्टता, व्यक्तिको आचार-विचार र व्यवहारको ढङ्ग-ढाँचा,

बोलाइ वा कुराकानीको तरिका आदि अर्थमा प्रयोग भएको देखापर्छ (भण्डारी र अन्य, २०६८) । शैलीविज्ञानको सामान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ । भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ समालोचना प्रणालीचाहिँ यसको विशिष्ट अर्थ हो ।

शैलीविज्ञानले कृतिलाई भाषापरक दृष्टिले विश्लेषण गर्दछ । यसको मूल प्रवृत्ति आत्मवादी वा भाववादी नभई वस्तुवादी, भाषावादी, कलापरक एवम् सौन्दर्यवादी रहेको हुन्छ । यसले भाषाविज्ञानका सैद्धान्तिक मूल्य र मान्यताका आधारमा केन्द्रित रहेर कृतिको अन्वेषण गर्दछ । साहित्यिक कृतिहरूभित्र भाषावैज्ञानिक मूल्यहरूको खोजी गरी त्यसैका आधारमा कृतिको सौन्दर्य, कला र जीवनदर्शन निरूपण गर्दछ (कोइराला, २०७४) । यसको व्याख्या र विवेचनामा रागात्मक भाषाको प्रयोग नगरी परिनिष्ठित भाषिक स्वरूपको प्रयोग गरिन्छ ।

## शैलीविश्लेषणको आधार

कुनै पनि साहित्यिक कृतिको विश्लेषण कुनै न कुनै समालोचना शास्त्रीय मान्यतामा आधारित रहेर गरिन्छ । शैलीविज्ञानले कुनै पनि साहित्यिक कृतिको विश्लेषण निश्चित मान्यतामा आधारित रहेर गर्दछ। साहित्यिक कृतिको शैलीवैज्ञानिक पद्धतिअनुरूप विश्लेषण गर्ने पद्धतिलाई नै शैलीविश्लेषण प्रक्रिया भनिन्छ । कृतिको आफ्नो घटकसँग र घटकहरूको अन्य घटकसँग वर्गात्मक सम्बन्ध नभएर क्रिमात्मक सम्बन्ध छ भने सो सम्बन्ध समुच्चयलाई संरचना भनिन्छ (भट्राई र दाहाल, २०६४) । हरेक साहित्यिक विधाको आ-आफ्नै स्वरूप र संरचनागत ढाँचा रहेको हुन्छ । साहित्यिक संरचनाको आन्तरिक स्वरूपलाई बनोट भनिन्छ (भट्टराई र दाहाल, २०६४) । कथावस्तु, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, खण्ड, उपखण्ड, अनुच्छेद आदिको समुच्चय नै बनोट हो । यो अमूर्त हुन्छ । वस्तुतः सम्पूर्ण शारीरिक अवयवबाट झल्किने व्यक्तित्व भन्नु नै बनोट हो । यसमा कृतिमा घटकको पूर्णता, कृतिको सार्थकता र कृतिको स्वतन्त्रतालाई महत्त्व दिइएको हुन्छ । साहित्यिक कृतिको मूर्त वा बाह्यस्वरूपलाई बुनोट भनिन्छ । संरचनाको विपरीत बुनोटचाहिँ रूपगत एवम् मूर्त हुन्छ । यो कृतिको बाह्यस्वरूप र सौन्दर्यसँग सम्बन्धित हुन्छ । भाषा र साहित्यका सन्दर्भमा बुनोट भनेको कथ्यको रूपगत पक्ष हो । शैलीविज्ञानले छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक आदि तत्त्वहरूका आधारमा कृतिका वस्तुगत पक्षको विश्लेषण गर्दछ र यो विश्लेषण मूर्त हुन्छ। शैलीलाई साहित्यिक संरचना र भाषासंरचनाको मध्यवर्ती स्वरूप मानिन्छ । साहित्यिक संरचनाको आफ्नै क्रमिक व्यवस्था रहेको हुन्छ र भाषिक संरचना (ध्वनि, व्याकरण र अर्थ) मा पनि आफ्नै क्रमबद्ध व्यवस्था रहेको हुन्छ (भट्टराई र दाहाल, २०६४)। बेग्लाबेग्लै प्रकृतिका यी साहित्यिक संरचना र भाषिक संरचनाका बीचमा एकै साथ रहने खास सम्बन्धलाई शैली भनिन्छ । यस्तो सम्बन्ध सूत्रलाई चयन, अग्रभूमीकरण, विचलन र समानान्तरताका रूपमा लिइन्छ ।

भाषाले कथ्यदेखि भाषिक एकाइसम्म उपलब्ध गराउने अनेक विकल्पमध्ये एउटाको छनोटलाई चयन भनिन्छ (शर्मा, २०६५) । विभिन्न विकल्पहरूमध्ये उपयुक्त विकल्पहरूको छनोट गर्ने कार्य नै चयन हो । पर्यायवाची विभिन्न शब्दहरूमध्येबाट आफ्नो अनुकूलका शब्दहरू छनोट गर्ने कार्य यसमा हुन्छ । आफ्नो अभिव्यक्तिलाई सशक्त एवम् प्रभावकारी तुल्याउँन खास ध्वनि (वर्ण, शब्द, पदावली वा वाक्यलाई अग्रभाग (अगाडि) मा ल्याई नवीनता सिर्जना गर्नुलाई अग्रभूमीकरण भनिन्छ (भण्डारी र अन्य, २०६८)। ज्यादै प्रयोगमा आएर रूढ वा पुरानो भइसकेको भाषिक एकाइलाई पश्चभूमिको प्रयोग भनिन्छ । परम्परागत प्रयोगमा आएर यान्त्रिक बनेका संवेदनाहरूमा नयाँ रङ भरेर नयाँपन पैदा गरिन्छ । भाषाका मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यतिक्रमलाई विचलन भनिन्छ (शर्मा, २०६५)। सामान्य भाषामा प्रयोग हुने सामान्यभाषिक नियमको अतिक्रमित प्रयोग नै विचलन हो। विचलन देखाउनका लागि नभएर साहित्यिक कृतिमा आकर्षक र सार्थक सन्दर्भमा अभिव्यक्त भएको हुनुपर्छ (ढुङ्गेल र दाहाल,

२०६०) । अरूबाट प्रयोग नभएका कारण कोशमा नरहेका नयाँ शब्द निर्माण गरेर प्रयोग गर्नुलाई कोशीय विचलन, पदक्रम र पदसङ्गतिहरूमा सङ्गतिहीनता देखापर्नुलाई व्याकरणिक विचलन, उच्चारणका क्रममा देखापर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन, अर्थका सन्दर्भमा देखा पर्ने विचलनलाई आर्थी विचलन, मानक भाषिकाका बीचबीचमा अन्य भाषिकागत विशेषता प्रयोग गर्नुलाई भाषिका विचलन, एउटा प्रसङ्गको शब्द वा वाक्यलाई अर्को प्रसङ्गमा प्रयोग गर्दा उत्पन्न हुने विचलनलाई प्रयुक्तिगत विचलनका प्रकारका रूपमा लिइन्छ (ढुङ्गेल र दाहाल, २०६०) । यस्ता विचलनले कृतिभित्र भाषिक सौन्दर्य र कलात्मकता सृजना गर्नमा उल्लेख्य भूमिका खेल्दछ। कृतिमा कुनै भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानन्तरता भनिन्छ (शर्मा, २०६५) । यो छन्द, अलङ्कार, तुक, समता आदिको प्रयोगमा हुने पुनरावृत्ति हो । यस्तो पुनरावृत्ति वर्ण, अक्षर, रूप, पद, पदसमूह, उपवाक्य, वाक्यका अर्थस्तरमा देख्न सकिन्छ । एक वा एकभन्दा धेरै वर्ण रूप, शब्द, पदावली, वाक्यहरूको पुनरावृत्ति बाह्यसमानान्तरता र भावार्थ वा वाच्यार्थको पुनरावृत्ति आन्तरिक समानान्तरता हो (शर्मा, २०६५) । ध्वनि भाषाको लघुतम एकाइ हो । यो अर्थ विभेदक हुन्छ । यसका खण्डीय र खण्डेतर दुई पक्ष छन् । टुक्रा पार्न सकिने एकाइ खण्डीय र नमिल्ने एकाइ खण्डेतरभित्र पर्दछन्। खण्डेतरचाहिँ मात्रा, अनुनासिकता, बालाघात, श्वसन, सुर, तान आदि धेरै किसिमका हुन्छन् । यी खण्डीय र खण्डेतर ध्वनिहरूका विविधताका आधारमा शैलीविज्ञानले कृतिको विश्लेषण गर्दछ (कोइराला, २०७४) शब्द स्वतन्त्र रूपमा अर्थ प्रकट गर्न सक्ने रूपभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक एकाइ हो । शब्दभण्डार र प्रयोग, रूपविज्ञान, पदविज्ञान एवम् अर्थविज्ञानका प्रक्रिया र कार्यहरू यसअन्तर्गत समावेश हुन्छन् । शब्दको निर्माण, अर्थ निर्धारण आदि यसका महत्त्वपूर्ण कार्यहरू हुन् । शब्दको प्रयोगले साहित्यसिर्जनामा उल्लेख्य भूमिका खेल्दछ (कोइराला, २०७४) । यसर्थ शैली विज्ञानले कृतिमा निहित शब्द व्यवस्थाको सूक्ष्मरूपमा साथ विश्लेषण गरी कृतिमा निहित सौन्दर्य उद्घाटन गर्दछ । पदावली रचना, उपवाक्यको प्रकृति, वाक्य निर्माण कार्य र प्रक्रिया, अर्थ विधान आदि यसअन्तर्गत समेटिने विषयहरू हुन् ।  पदक्रम र पदसङ्गतिको समुचित उपयोग हुन सकेमा परिनिष्ठित वाक्य निर्माण हुन सक्तछ (कोइराला, २०७४) । विचलनयुक्त भाषिक उपयोगले साहित्यमा कलात्मक सौन्दर्यको सृष्टि गर्दछ ।

## नतिजा र छलफल

### साहित्यिक संरचना

यसअन्तर्गत बनोट र बुनोट पर्दछन् । यीमध्ये पहिले बनोट र त्यसपछि बुनोटका आधारमा अनुसन्धेय कृतिको निम्नलिखित रूपमा छलफल तथा विश्लेषण गरिएको छ :

**क) कथानक**

एउटा कोइली जुन अहिले बूढो भएको छ र ऊ अतीत सम्झिँदै दुखेसो गरिरहेको छ । बाल, युवा र वृद्ध उमेरमा पनि प्रकृति उस्तै रहे पनि आफ्नो शारीरिक अवस्था, सुमधुर बोली, चाली, शक्ति सामर्थ्य र प्रभावमा पनि फरक पर्न गएको छ । हिजोको त्यो शक्ति, सौन्दर्य, मधुरता, जवानी र आनन्दमय पल अब नरहेको बरु स्वर पनि घर्घर हुन थालेको र आँखाको ज्योति पनि धमिलो बन्दै गएकाले अब दुःखानुभूति भइरहेको दुखेसो गरेको छ । यसप्रकार कोइलीले बाल, युवा, वयस्क र वृद्धत्व प्राप्ति भएपछि गरेका अनुभूति तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**ख) पात्रविधान**

फुटकर कविता भए पनि यसमा झिनो कथावस्तु प्रस्तुत छ । कोइली यसमा रहेको पात्र हो । ऊ अहिले बूढो भएको छ र बाल्यकालीन वयदेखि युवाकालका अतिरमणीय अनुभूतिसँग बुढेसकालका अशक्तता, कलात्मकताहीन तथा सुन्दरता क्षय हुँदै गएका जीवनानुभूति पोखिरहेको छ । ऊ निराशावादी देखिन्छ । बुढेसकालले छोप्दै ल्याएपछि मान्छेलाई झैं बाल्यकालीन तथा युवाकालीन सुनौला अनुभूतिमा हराउने र आनन्दित हुने गर्छ । बुढेसकाल लागेपछि शारीरिक, मानसिक तथा बौद्धिक शक्ति कमजोर हुँदै गएपछि र आफूले टेकेको धर्ती भासिदै, आकाश खस्दै र मृत्युको कालो वादल मडारिरहेको अनुभूति गर्दै बिलौना गर्दछ । ऊ चरो भए पनि समग्र मानव र प्राणी जगत्को प्रतिनिधि रहेको देखिएको छ ।

**ग) परिवेशविधान**

प्रस्तुत अनुसन्धेय कविताको परिवेश निम्नलिखित रहेको छ :

हिमचुली, नीलगगन, खोलानाला, रुख, माहेन्द्री दिशा, उदय गिरि यसमा प्रस्तुत स्थानगत, जुनेली, निशि, प्रहर र उषा कालगत तथा उमेरजन्य प्रभावले कुनै पनि प्राणी त्यसमा पनि मान्छेमा उत्पन्न हुने अनुभूति परिस्थितिगत परिवेशका रूपमा प्रस्तुत छ । युवावयको सुखानुभूति, बुढेसकालको निराशासँगै दुःखानुभूति र आफ्नो दुवै उमेर समयको प्रकृति उस्तै रहे पनि आफू परिवर्तित हुँदै गर्दाको तुलना गरी आफ्नो सुमधुर वय गइसकेको अनुभूतिजन्य मानसिक परिस्थिति प्रस्तुत छ ।

बनोटअन्तर्गतका कथानक, चरित्र र परिवेश परस्पर समन्वित रहेका छन् । यसले कथ्यलाई सघन, मर्मस्पर्शी र प्रभावकारी तुल्याउनमा अहम् भूमिका खेलेका छन् । व्यञ्जनार्थको अभिव्यञ्जना दिनमा र रसभावको अभिव्यक्तिमा पनि यिनले यथोचित योगदान दिएका छन् ।

## बुनोट

बुनोटअन्तर्गत निम्नलिखित पक्षहरूको विश्लेषण गरिएको छ :

**क) संरचना**

प्रत्येक श्लोकमा चार चार पाउ रहेका छन् । यस्ता श्लोकहरू जम्मा पाँच छन् । यसआधारमा प्रत्येक पाउमा बिस श्लोक रहेका छन् ।

**ख) अलङ्कार :**


प्रस्तुत कृतिमा निम्नानुसार अलङ्कार प्रयोग गरिएको देखापर्दछ ।

## तालिका नं. १

अलङ्कार

| शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रास | अर्थालङ्कारअन्तर्गत रूपक | अर्थालङ्कारअन्तर्गत उपमा |
|---|---|---|
| गगन–पवन, यो–गयो, रसमा–सुषमा, थियो–गयो, पहर–रहर, छुट्यो–जुट्यो, भयो–गयो, सुनलहरी–आलोकलहरी | नीलगगन, स्वर्गसुषमा, रंगरस, सुनलहरी, आलोकलहरी | खलाँतीझैं छाती |

**वृत्तचित्र नं. १**




तालिका नं.१ मा प्रयोग भएका १४ अलङ्कारमध्ये शब्दालङ्कारअन्तर्गत आठ जोडी शब्दहरू र अर्थालङ्कारअन्तर्गत रूपकका पाँच तथा उपमाको एउटा शब्द प्रयोग भएका छन् । यसलाई वृत्तचित्र १ मा प्रस्तुत गरिएको छ :

वृत्तचित्र १ अनुसार शब्दजोडा ५७.१४, अर्थालङ्कारअन्तर्गत रूपकका ३५.७१ प्रतिशत तथा उपमाको ७.१४ प्रतिशत शब्दहरू प्रयोग भएका छन् ।

**ग) बिम्ब र प्रतीक**


प्रस्तुत कृतिमा निम्नलिखित बिम्ब र प्रतीकको प्रयोग भएको देखापर्दछ :

तालिका नं. २
बिम्ब र प्रतीक

| बिम्ब | प्रतीक |
|---|---|
| हिमचुली, नीलगगन, खलाँती, वय | कोइली |

तालिका नं. २ मा हिमचुली, नीलगगन, खलाँती र वय बिम्बको रूपमा र कोइली प्रतीकका रूपमा प्रयोग भएका छन् । यसलाई वृत्तचित्र नं. २ मा पनि देखाइएको छ :

वृत्तचित्र नं. २




वृत्तचित्र नं. २ अनुसार प्रस्तुत कवितामा बिम्ब ८० प्रतिशत र प्रतीक २० प्रतिशत प्रयोग भएका छन् ।

**घ) छन्द**

रसैरुद्रैश्छिन्नाः यमनसभलागाः शिखरिणी । अर्थात् यगण, मगण, नगण, सगण, भगण, एकलघु र एउटा गुरु हुने तथा छैटौँ पछिको एघारौँ अर्थात् सत्रौँ अक्षरमा यति हुने लयलाई शिखरिणी छन्द भनिन्छ । यसमा गण र यति निम्नलिखित रहेको हुन्छ :

य म ↓न स भ ल गु↓
ISS SSS ↓III IIS SII IS

यी आधार अनुरूप रचिएको हुँदा प्रस्तुत कवितामा शिखरिणी छन्दको प्रयोग गरिएको स्पष्ट हुन्छ ।

**भाषिक संरचना**

भाषा संरचनाअन्तर्गत निम्नलिखित पक्षहरू रहेका छन् :

**क) ध्वनिव्यवस्था**

यसमा खण्डीय स्वरअन्तर्गत अ, आ, इ र उ प्रस्तुत छन् । खण्डेतरअन्तर्गत मात्रा, अनुनासिकता र लयको प्रयोग भएको छ । मात्राका दृष्टिले ह्रस्व र दीर्घ अर्थात् ा, ि, ी, ु,ू,े,ै, ो, ौ को प्रयोग भएको छ । अनुनासिक खण्डेतर ध्वनिको प्रयोग देख्थैँ, कुहुँ, कहाँ, खोल्थैँ, बोल्थैँ, आँखा, खलाँती, बोलुँ शब्दहरूमा भएको छ । वर्णविन्यासीय नियमानुसार चन्द्रविन्दुकै उच्चारण हुँदा पनि शिरविन्दुको प्रयोग हुने गर्दछ । यस्तो अनुनासिकतायुक्त ध्वनि झैं शब्दमा रहेको छ । प्रस्तुत कवितामा प्रयोग भएका शब्दहरूमा मात्रा र अनुनासिकताको भिन्नताले अर्थमा प्रभाव पारेको छैन । शिखरिणी छन्दमा छैटौँ अक्षर र सत्रौँ अक्षरमा विराम हुनुपर्छ । वर्ण, शब्द र पदपदावलीको प्रयोगमा हुनुपर्ने विरामको पालना गरिएको छ । शिखरिणी छन्दमा रहनुपर्ने लय, सुर र तान कतै भत्किएको

छैन । कवितामा उपयुक्त बलाघातको स्थिति सृजना गरिएको भए पनि यसले अर्थभेदकता पैदा गरेको छैन ।

**ख) शब्दभण्डार व्यवस्था**

शब्दभण्डार व्यवस्थाअनुरूप निम्नानुसार अध्ययन तथा विश्लेषण गरिएको छ :

**कार्यका आधारमा**

कार्यका आधारमा विश्लेषण गर्दा ‘वयोवृद्ध कोइलीको बिलौना’मा निम्नलिखित शब्दहरू प्रयोग भएका छन् :

तालिका नं. ३


कार्यगत वर्गीकरण

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रिया विशेषण | संयोजक | विस्मयादि बोधक |
|---|---|---|---|---|---|---|
| हिमचुली, गगन, खोलानाला, रुख, पवन, खगजुनि, चञ्चुपुट, वय, रंगरस, सकुल, वन, सुषमा, गला, कौतुक, वय, वासन्ती, निशि पहर, हृदय, रहर, चुचो, मनमन, वय, पखेटा, गौरव, आँखा, धमिलोपन, खलाँती, छाती, तन, जरा, वय, दिशा, गिरि, सुनलहरी, आलोकलहरी, गला, घर्घर, वय | म र सब, दोस्रो पद्यमा पनि म र सब, तेस्रो पद्यमा सबै र सब, चौथोमा किन, किन, सब र सब | उज्यालो, त्यै, अग्लो, त्यै, नील, तिनै, तिनै त्यै, त्यै, त्यै, त्यै, प्यारो, यो, त्यो, आनन्दी, मधुर, मेरो, जवानी, चढ्दो, चहकिलो, स्वर्ग, घन्केको, त्यो, आनन्दी, मधुर, मेरो, जुनेली, सरस, अन्त्य, अत्यन्त, त्यो, आनन्दी, मधुर, मेरो, लाटा, चटुन, गति, चनाखा, त्यो, आनन्दी, मधुर, मेरो, त्यो, माहेन्द्री, उदय, त्यो, उषा, मृदुल, यो, त्यो, आनन्दी, मधुर, मेरो | छ, छ, छु, छ, गयो, देख्थैँ, थियो, गयो, देख्थैँ, लाग्थ्यो, खोल्थैँ, बोल्थैँ, थियो, गयो, छन्, छुट्यो, जुट्यो, भयो, गयो, उठ्दै छन्, बोलुँ, भन्दै छु, छ, गया | अति, जसै, जर्जर, गद् गद, अति र नाचेको | तर | कठै (पाँचवटा पद्यमा आवृत्ति भएर आएको) |

तालिका नं. ३ अनुसार विश्लेषणीय कवितामा प्रयोग भएका १४३ शब्दहरूमध्ये नामपद ३९, सर्वनामपद १३, विशेषण ५३, क्रियापद २४, नामयोगी २, क्रियाविशेषण ६, संयोजक १ र विस्मयादिबोधक ५ (एउटै शब्द ५ पटक आवृत्त) प्रयोग भएका छन् । सर्वनामका रूपमा प्रयोग भएका १३ शब्दहरूमध्ये ‘सब’ पदको ७ पटक, ‘म’ पदको प्रयोग ३ पटक, ‘किन’ पदको दुईपटक र ‘सबै’ पदको एकपटक प्रयोग भएको छ । ५३ वटा विशेषण पदहरू प्रयोग भएकामा ‘त्यै’ पदको ५ पटक, ‘तिनै’ पदको २ पटक, ‘त्यो’, ‘आनन्दी’, ‘मधुर’ र ‘मेरो’ पदहरू पाँचपटक आवृत्त भएका छन् । २४ वटा क्रियापद प्रयोग भएकामध्ये ‘छ’ क्रियापदको प्रयोग ४ पटक, ‘गयो’ पदको ५ पटक, ‘देख्थैँ’ २ पटक र ‘थियो’ पदको

२ पटक आवृत्त भएका छन् । ५ वटा विस्मयादिबोधक शब्दहरूमध्ये 'कठै' पदको पाँच पटक आवृत्ति भएको छ । यस तथ्यलाई वृत्तचित्र नं.३ मा पनि प्रस्तुत गरिएको छ :

वृत्तचित्र नं. ३




वृत्तचित्र नं.३ मा नाम २७.२७, सर्वनाम ९.०९, विशेषण ३७.०६, क्रियापद १६.७८, नामयोगी १.३९, क्रियाविशेषण ४.१९, संयोजक .६९ र विस्मयादिबोधक ३.४९ प्रतिशत रहेको छ ।

## स्रोतका आधारमा


स्रोतका आधारमा प्रस्तुत कवितामा निम्नानुसार शब्दहरू प्रयोग भएका छन् :

तालिका नं. ४
स्रोतगत वर्गीकरण

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| नील, गगन, पवन, चञ्चुपुट, आनन्दी, मधुर, वय, अति, रङ्गरस, सकुल, वन, स्वर्गसुषमा, कौतुक, आनन्दी, मधुर, वय, वासन्ती, सरस, निशि, अन्त्य, हृदय, अत्यन्त, आनन्दी, मधुर, वय, गति,चटुल, गौरव, तन, आनन्दी, मधुर, वय, दिशा, माहेन्द्री, उदय, गिरि, उषा, अति, मृदुल, आलोकलहरी, आनन्दी, मधुर, वय | पहिलो पद्यमा उज्यालो, त्यै, अग्लो, हिमचुली, छ, त्यै, तिनै, खोलानाला, रुख, तिनै, त्यै, छ, म, त्यै, छु, त्यै, प्यारो, खगजुनि, छ, त्यै, यो, कठै, त्यो, मेरो, सब, गयो गरी २५, दोस्रामा चढ्दो, चहकिलो, म, देख्थैं, नाचेको, गला, घन्केको, कुहुँ, कुहुँ कुहुँ, थियो, कठै, त्यो, मेरो, सब, गयो गरी १६, तेस्रामा जुनेली, पहर, जसै, देख्थैं, लाग्थ्यो, रहर, चुचो, खोल्थैं, बोल्थैं, मनमन, सबै, गद्गद, थियो, कठै, त्यो, मेरो, सब, गयो गरी १८, चौथामा पखेटा, छन्, लाटा, छुट्यो, चनाखा, आँखा, किन, किन, धमिलोपन, जुट्यो, खलाँती, भैmं, छाती, सब, जराजर्जर, भयो, कठै, त्यो, मेरो, सब गयो गरी २१ र पाँचौंमा त्यो, त्यो, सुनलहरी, उठ्दै छन्, म, बोलुँ, भन्दै छु, तर, सब, गला, घर्घर, छ, यो, कठै, त्यो, मेरो, सब, गयो गरी १८ तद्भव शब्दहरू | जवानी |

तालिका नं. ४ का आधारमा ४३ तत्सम, तद्भव ९९ र आगन्तुकमा १ शब्दहरू प्रयोग भएका छन् । तत्सम शब्दहरूमध्ये हरेक पद्यको अन्तिम लहर दोहोरिएकाले त्यसमा रहेका 'आनन्दी, मधुर, वय' गरी ३ वटा पदहरू ५ पटक आवृत्त भएको हुँदा जम्मा १५ शब्दहरू प्रयोग भएका छन् । यस तथ्यलाई वृत्तचित्र नं. ४ मा पनि दिइएको छ :

वृत्तचित्र नं. ४




तालिका नं. ४ अनुसार तत्सम ३०.०६ प्रतिशत, तद्भव ६९.२३ प्रतिशत र आगन्तुक ०.६९ प्रतिशत शब्दहरू रहेका छन् ।

**संरचनाका आधारमा**

संरचनाका आधारमा ‘वयोवृद्ध कोइलीको बिलौना’ कवितामा निम्नानुसार शब्दहरू प्रयोग भएका छन् :


तालिका नं. ५

*संरचनागत वर्गीकरण*

| व्युत्पन्न | अव्युत्पन्न |
|---|---|
| समस्त शब्द : हिमचुलि (हिमको चुली), नीलगगन (नील जो गगन), खोलानाला (खोला र नाला), चञ्चुपुट (चञ्चु जो पुट), रङ्गरस (रङ्ग र रस), सकुल (कुलेन सहित), स्वर्गसुषमा (स्वर्गको सुषमा), सरस (रसेन सहित), हृदयबीच (हृदयको बीच), अत्यन्त (अतिशय अन्त), सुनलहरी (सुनको लहरी), जराले जर्जर (जराजर्जर) र आलोकलहरी (आलोकको लहरी) गरी जम्मा तेह्रवटा<br><br>तद्धितान्त शब्द : आनन्दी (आनन्द ई), जवानी (जवान ई), चहकिलो (चहक इलो), जुनेली (जून एली), वासन्ती (वसन्त ई), कौतुक (कुतुक अ), पखेटा (पंख एटा), गौरव (गुरु अ), धमिलोपन (धमिलो पन), माहेन्द्री (महेन्द्र ई), कौतुक (कुतुक अण्), मृदुल (मृदु ल), त्यै (त्यही नै), तिनै (तिनी नै), जसै (जसो नै) र सबै (सब नै) गरी जम्मा सोह्रवटा,<br><br>कृदन्त शब्द : पवन ((पू अन), (चट् उलच्), उदय (उद् इण्), घन्केको (घन्क् एको) चारवटा ।<br><br>द्वित्वशब्द : मनमन (मन मन), किनकिन (किन किन), कुहुँ कुहुँ कुहुँ (कुहुँ, कुहुँ कुहुँ), गद्गद (गद गद) र किनकिन (किन किन), घर्घर (घर घर) गरी छवटा । | म, वन, गला, निशि, पहर, रहर, चुचो, लाटा, चनाखा, खलाँती, छाती, आँखा, तन, दिशा, गिरि, उषा, गला, उज्यालो, त्यै, अग्लो, नील गगन, तिनै, रुख, छ, प्यारो, यो, कठै, त्यो, वय, सब |

तालिका नं. ५ अनुसार प्रस्तुत अनुसन्धेय कवितामा ४१ वटा व्युत्पन्न शब्दहरूको प्रयोग भएका छन्। यीमध्ये १३ वटा, तद्धितान्त १६ वटा, ६ वटा कृदन्त र ६ वटा द्वित्वशब्दहरू प्रयोग भएका छन् भने ३१ वटा अव्युत्पन्न शब्दहरू प्रयोग भएका छन्। यस तथ्यलाई तल वृत्तचित्र नं. ५ पनि देखाइएको छ :

वृत्तचित्र नं. ५




माथि उल्लिखित वृत्तचित्र नं. ५ मा तत्सम ३०.०६ प्रतिशत, तद्भव ६९.२३ प्रतिशत र आगन्तुक ०.६९ प्रतिशत शब्दहरू रहेका छन्।

रूपायनका आधारमा

रूपायनका आधारमा 'वयोवृद्ध कोइलीको बिलौना' कवितामा निम्नानुसार शब्दहरू प्रयोग भएका छन्


तालिका नं. ६

रूपायनगत वर्गीकरण

| नामको रूपायन | सर्वनामको रूपायन | विशेषणको रूपायन | क्रियापदको रूपायन |
|---|---|---|---|
| पखेटा (पखेटो आ), लाटा (लाटो आ), गला (गलो आ)रुखहरू (रुख हरू), जवानीको (जवानी को), रंगरसमा (रंगरस मा), निशिको (निशि को), गतिको (गति को), गिरिमा (गिरि मा), उषाका (उषा का) | मेरो (म एरो) | चनाखा (चनाखो आ) | गयो (जा यो), चढ्दो (चढ् दो), देख्थेँ (देख् थेँ), नाचेको (नाच् एको), थियो (छ यो), गयो (जा यो), खोल्थेँ (खोल् थेँ), बोल्थेँ (बोल् थेँ), छुट्यो (छुट् यो), जुट् यो (जुट् यो), भयो (हु यो), उठ्दै छन् (उठ् दै छन्), भन्दै छु (भन् दै छु), बोलुँ (बोल् ऊँ) |

तालिका नं. ६ मा नामको रूपायनबाट बनेका शब्दहरू १०, सर्वनाम, विशेषणको रूपायन भएका १–१, र क्रियापदको रूपायन भएका १४ शब्दहरू प्रयोग भएका छन्। यस तथ्यलाई वृत्तचित्रमा तल प्रस्तुत गरिएको छ। यसलाई वृत्तचित्र नं. ६ मा पनि दिइएको छ :

वृत्तचित्र नं. ६




वृत्तचित्र नं. ६ अनुसार नामको रूपायनबाट बनेका ३८.४६ प्रतिशत, सर्वनामको रूपायनबाट बनेको ४ प्रतिशत, विशेषणको रूपायनबाट बनेका ४ प्रतिशत र क्रियापदको रूपायनका ५३.८४ प्रतिशत शब्दहरू रहेका छन् ।

**ग) व्याकरण व्यवस्था**

पदावली रचना, उपवाक्यको प्रकृति, वाक्य निर्माण कार्य र प्रक्रिया, अर्थ विधान आदि यसअन्तर्गत समेटिने विषयहरू हुन् । पदक्रम र पदसङ्गतिको समुचित उपयोग हुन सकेमा परिनिष्ठित वाक्य निर्माण हुन सक्तछ । विचलनयुक्त भाषिक उपयोगले साहित्यमा कलात्मक सौन्दर्यको सृष्टि गर्दछ ।

**पदावली**

पदावलीका आधारमा 'वयोवृद्ध कोइलीको बिलौना' कवितामा प्रयोग भएका पदावलीलाई तालिका नं. ७ मा देखाइएको छ :


तालिका नं. ७

पदावली

| नामपदावली | क्रियापदावली | विशेषण पदावली | नामस्थानिक पदावली |
|---|---|---|---|
| त्यै उज्यालो अग्लो हिमचुलि, त्यै नील गगन, तिनै खोलानाला, तिनै रुखहरू, त्यै पवन, त्यै प्यारो खगजुनी, यो त्यै चञ्चुपुट, मेरो त्यो आनन्दी मधुर वय, चढ्दो जवानीको अति चहकिलो रंगरस, सकुल वन, स्वर्गसुषमा, गलामा घन्केको कुहुँ कुहुँ कुहुँ कौतुक, जुनेली वासन्ती, सरस निशि, अन्त्य पहर, अत्यन्त रहर, मेरो त्यो आनन्दी मधुर वय, लाटा पखेटा, चटुल गति, चनाखा आँखा, मेरो त्यो आनन्दी मधुर वय, माहेन्द्री दिशा, उदय गिरि, मृदुल आलोकलहरी, सब यो गला, मेरो त्यो आनन्दी मधुर वय | 'नाचेको देख्थें, जसै देख्थें, गद्गद थियो, घर्घर छ' | अति चहकिलो<br>अति मृदुल | खलातीभ्कैं |

तालिका नं. ७ अनुसार उल्लिखित कवितामा प्रयोग भएका २९ पदावलीहरूमध्ये २२ नामपदावली, ४ क्रियापदावली, २ विशेषण पदावली र १ नामस्थानिक पदावली प्रयोग भएका छन् । यस तथ्यलाई वृत्तचित्र नं. ७ मा पनि देखाइएको छ :

वृत्तचित्र नं. ७



वृत्तचित्र ७ अनुसार नामपदावली ७५.८६, क्रियापदावली १३.७९, विशेषण पदावली ६.८९ र नामस्थानिक पदावली ३.४४ प्रतिशत रहेका छन् ।

**उपवाक्य**

यसमा दुई उपवाक्यको प्रयोग भएको देखापर्दछ :

म त्यै छु, त्यै प्यारो खगजुनि छ,<br>
म बोलुँ भन्दै छु, गला घर्घर छ,

**वाक्य**

यसमा वाक्यात्मक ढाँचाका निम्नलिखित वाक्यहरू प्रयोग भएका पाइन्छन् :

कठै !! त्यो मेरो आनन्दी मधुर वय सब गयो ॥<br>
चनाखा आँखामा, किन किन धमीलोपन जुट्यो ।<br>
उषाका अति मृदुल आलोक लहरी उठ्दै छन् ।

## अर्थका आधारमा


अर्थका आधारमा 'वयोवृद्ध कोइलीको बिलौना' कवितामा निम्नानुसार शब्दहरू प्रयोग भएका छन् :

तालिका नं. ८<br>
अर्थगत वर्गीकरण

| पर्यायवाची | विपरीतार्थी | अनेकार्थी | समावेशी |
|---|---|---|---|
| उज्यालो, चहकिलो, जुनेली, हिमचुली, गिरि, आनन्दी | थियो गयो, उज्यालो निशि, चटुल लाटा, चनाखा धमिला | रंगरस, सकुल, स्वर्गसुषमा, वासन्ती, रहर, लाटा, दिशा, गगन, पवन, मधुर, सुषमा, वासन्ती, निशि, माहेन्द्री, उदय, मृदुल | प्रकृति : हिमचुली, गगन, खोलानाला, रुख, पवन, वन, वासन्ती, गिरि, उषा,<br>पन्छी शरीर : चञ्चुपुट, जुनी, पखेटा, गला, चुचो, आँखा, छाती, तन, माहेन्द्री,<br>प्रकाश : निशि, उज्यालो, जुनेली, प्रहर, धमिलोपन, सुनलहरी, आलोकलहरी, उषा<br>अनुभूति : कठै, आनन्दी, मधुर, गद्गद, कौतुक |

तालिका नं. ८ मा अनुसन्धेय कविताको अर्थका आधारमा प्रयोग भएका ३० शब्दहरूमध्ये पर्यायवाची ६, विपरीतार्थी ४ जोडा, अनेकार्थी १६, प्रकृति, पन्छी शरीर, प्रकाश र अनुभूति गरी ४ समावेशी शब्दहरू प्रयोग भएका छन् । यसलाई वृत्तचित्र नं. ८ मा पनि दिइएको छ :

वृत्तचित्र नं. ८




वृत्तचित्र नं. ८ मा पर्यायवाची २० प्रतिशत, विपरीतार्थी १३.३३ जोडा, अनेकार्थी ५३.३३, र प्रकृति, पन्छीशरीर, प्रकाश र अनुभूतिजन्य समावेशी १३.३३ प्रतिशत शब्दहरू प्रयोग भएका छन् ।

## कृतिको शैली

शैलीअन्तर्गत निम्नलिखित पक्षहरूका आधारमा विश्लेषण गरिएको छ :

**क) चयन :**

'वयोवृद्ध कोइलीको बिलौना' कवितामा शब्दहरूको चयन निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

उज्यालो त्यै अग्लो हिमचुलि छ, त्यै नील गगन,
तिनै खोलानाला, रुखहरु तिनै, त्यै छ पवन ।
म त्यै छु, त्यै प्यारो खग–जुनि छ, त्यै चञ्चुपुट यो
कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥१॥

उज्यालो– रश्मि, किरण, प्रकाश, आलोकहरूमध्ये छन्द मिल्दो उज्यालो शब्दको चयन गरिएको,
हिमचुलि– हिमाल, हिमालय, हिमाचल, हिमाद्रि, अद्रि, पर्वत आदि शब्दहरूमध्ये हिमचुलि शब्दको चयन,
गगन : नभ, आकाश, अन्तरिक्ष, क्षितिज शब्दहरूमध्ये गगनको चयन गरिएको,
रुख : बोट, वृक्ष, तरु, पोथ्रो आदिमध्ये रुख शब्दको चयन,
पवन : हावा, वायु, वतास, समीरमध्ये पवन शब्दको चयन,
खग : पक्षी, चरो, पन्छीहरूमध्ये खग शब्दको चयन,
मधुर : मीठो, स्वादिष्ट, गुलियो मधुरो, मिठास, स्वादिलोमध्ये मधुर शब्दको चयन,
वय : उमेर, बितेको समय, जवानी, अवस्था, यौवन, वार्धक्य आदिमध्ये वय शब्दको चयन,

जवानीको चढ्दो अति चहकिलो, रङ्गरसमा,
म देख्थेँ नाचेको, सकुल वनमा, स्वर्ग–सुषमा ।
गलामा घन्केको, कुहुँ कुहुँ कुहुँ कौतुक थियो
कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥२॥

जवानी : यौवन, तारुण्य, बैंसमध्ये जवानी शब्दको चयन,
वन : जंगल, अरण्य, झाडी शब्दहरूमध्ये वनको चयन,
स्वर्ग : स्वर, अव्ययं, नाकं, देवलोक, अमरावती, इन्द्रपुरी, त्रिदिव, दिव्यलोक आदिमध्ये स्वर्ग शब्दको चयन,

जुनेली वासन्ती सरस निशिको, अन्त्य पहर,
जसै देख्थेँ लाग्थ्यो, हृदयबीच अत्यन्त रहर ।
चुचो खोल्थेँ बोल्थेँ, मनमन सबै गद्‌गद थियो
कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥३॥

निशि : निशा, रात्रि, रात, रजनी आदिमध्ये निशि शब्दको चयन,
हृदय : मन, स्वान्त, हृत्, मानस, चित्त, दिल, अन्तस्करण आदि शब्दहरूमध्ये हृदय शब्दको चयन,

पखेटा छन्, लाटा, चटुल गतिको, गौरव छुट्यो,
चनाखा आँखामा, किन किन धमीलोपन जुट्यो ।
खलाँतीझैं छाती, तन सब जरा जर्जर भयो
कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥४॥

गति : वेग, हिँडाइ, गमन, चाल, सराइ, क्षमता, शक्ति, तागत आदि शब्दहरूमध्ये गति शब्दको चयन
गौरव : महत्त्व, महिमा, गहकिलोपन, गम्भीरता, इज्जत, प्रतिष्ठा, आदर, सम्मान आदिमध्ये गौरवको चयन
आँखा : अक्षि, नेत्र, नयन, चक्षु, लोचन आदिमध्ये आँखा शब्दको चयन,
तन : शरीर, देह, तनु, जिउ, शरीर, चोला आदिमध्ये तन शब्दको चयन,

दिशा त्यो माहेन्द्री, उदय गिरिमा, त्यो सुनलहरी
उषाका उठ्दै छन्, अति मृदुल आलोकलहरी ।
म बोलुँ भन्दै छु तर सब गला घर्घर छ यो
कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥५॥

उषा : प्रभात, बिहानी, प्रातःकाल, सबेर आदि शब्दहरूमध्ये उषाको चयन

यसरी चयनका दृष्टिले प्रस्तुत कृति निकै सुन्दर रहेको तथ्य प्रमाणित हुन्छ । यसमा चयन गरिएका पदहरू सान्दर्भिक, ओजपूर्ण र व्यङ्ग्यार्थयुक्त पनि रहेका छन् ।

**ख) अग्रभूमीकरण**

यसअन्तर्गत प्रस्तुत विश्लेष्य रचना छन्दोबद्ध कविता भएकाले यसमा पदसङ्गतिगत विचलन नरहे पनि स्वभावतः निम्नलिखित विचलन रहेको देखापर्दछ :

**अ) विचलन**

सामान्य भाषामा प्रयोग हुने सामान्य भाषिक नियमको अतिक्रमित प्रयोगलाई विचलन भनिन्छ। भाषाको मानक स्वरूप (पदक्रम/पदसङ्गति) लाई उल्टोपाल्टो वा क्रमहीन बनाएर प्रयोग गर्नु विचलन हो । यसले कृतिमा नवीनता, मौलिकता र प्रभावकारितामा वृद्धि गर्दछ तर नवीनता सृजना गर्ने नाममा भाषालाई विकृत, निरर्थक एवम् दुर्बोध्ययुक्त तुल्याउनु उपयुक्त हुँदैन। साहित्यिक कृतिमा विचलन सार्थक एवम् सुरुचिपूर्ण बनेको हुनुपर्दछ । खासगरी विचलन निम्न प्रकृतिका देखिन्छन् :

**व्याकरणिक विचलन**

छन्दोबद्ध कवितामा गण मिलाउन र कथनलाई आलङ्कारिक, सरस र प्राञ्जल तुल्याउन व्याकरणिक विचलन अपेक्षित हुन्छ । जातीय, अन्यदेशीय तथा गद्य कवितामा समेत यस्तो विचलन आवश्यक रहन्छ। छन्दोबद्ध कविता भएकाले प्रस्तुत कृतिमा व्याकरणिक विचलन हुनु स्वाभाविक हो । पहिलो पद्यको पहिलो लहरबाट नै यस्तो विचलन रहेको देखापर्दछ । पदसङ्गति (लिङ्ग, वचन, पुरुष, आदर, कारक आदि)मा सङ्गतिहीनता रहेको देखापर्दैन ।

**वर्णविन्यासगत विचलन :**

यसमा छन्दका गण र यति मिलाउनका निम्ति दीर्घलाई ह्रस्व र ह्रस्वलाई दीर्घ गरिएको छ ।

दीर्घलाई ह्रस्व गरिएको : चुलि, हरु, जुनि, बोलुँ

ह्रस्वलाई दीर्घ गरिएको : धमीलोपन, छू

**वर्णात्मक विचलन**

त्यहीका ठाउँमा 'त्यै', तिनी नै ठाउँमा 'तिनै', हिमचुली हुनुपर्नेमा 'हिमचुलि', जसो नै हुनुपर्नेमा 'जसै', धमिलोपन हुनुपर्नेमा 'धमीलोपन', बोलूँ हुनुपर्नेमा ' बोलुँ' हुनु वर्णात्मक विचलन हुन् । छन्दको गण र यति मिलाउनमा वर्णात्मक विचलनले महत्त्वपूर्ण भूमिका खेलेको देखापर्दछ ।

**आर्थी विचलन**

कोइली बोल्ने, सोच्ने र विलाप गर्ने कथनमा आर्थी विचलन रहेको देखापर्दछ । सिङ्गो जीवन जगत्, जीवन भोगाइ, आत्मसमीक्षा र पश्चातापबोध

गर्ने सामर्थ्य मानवमा मात्र पाइने गुण हुन् । अन्य प्राणीहरूमा आंशिक मात्रामा रहेको पाइए पनि त्यस्तो गुण रहेको देखिएको छैन । यसर्थ चरामा समेत यस्ता मानवीय गुणको आरोप गर्नु आर्थी विचलन हो ।

**बाह्य समानन्तरता**

बाह्य समानन्तरताअन्तर्गत "कठै !! त्यो आनन्दी मधुर वय मेरो सब गयो" एकलहर कवितांशको पुनरावृत्ति भएको देखापर्दछ ।

**अन्त्यानुप्रास**

यसमा अन्त्यानुप्रासको सुन्दर सन्तुलन तथा समुचित समन्विति रहेको छ । गगन–पवन, यो–गयो, रसमा–सुषमा, थियो–गयो, पहर–रहर, छुट्यो–जुट्यो, भयो–गयो, सुनलहरी–आलोकलहरी यसमा प्रयोग भएका सुन्दर अन्त्यानुप्रासीय प्रयोगहरू हुन् ।

यसप्रकार प्रस्तुत कविताको साहित्यिक संरचना, भाषिक संरचना, चयन, विचलन अग्रभूमीकरण समानान्तरताका आधारमा कविताको व्याख्या तथा छलफल गरिएको छ । यस छलफलबाट प्रस्तुत कविताको शैलीगत कृतिगत पक्ष सबल रहेको छ ।

## निष्कर्ष

शैलीवैज्ञानिक पद्धति प्रायोगिक भाषाविज्ञानको शाखाका रूपमा विकसित समालोचना प्रणाली हो । यस पद्धतिअनुरूप संरचनाअन्तर्गत बनोट र बुनोट, शैलीअन्तर्गत चयन, अग्रभूमीकरण तथा भाषिक संरचनाअन्तर्गत ध्वनिव्यवस्था, वर्णव्यवस्था र अर्थव्यवस्थाको सैद्धान्तिक चर्चा गरिएको छ । यस सिद्धान्तानुसार कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'वयोवृद्ध कोइलीको बिलौना' कविताको विश्लेषण गरिएको छ । यसमा गुणात्मक विधिअन्तर्गत पुस्तकालयीय विधि उपयोग गरिएको छ । बनोटअन्तर्गत अन्वितित्रयको परिपालनाद्वारा मानवीय जीवनको व्यञ्जना र करुण रसभाव रहेको निष्कर्ष निकालिएको छ । बुनोटअन्तर्गत शिखरिणी छन्दका पाँच पद्यमा सीमित पाठमा चारवटा बिम्ब र कोइली प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । यसमा रूपक र उपमा अर्थालङ्कार प्रस्तुत गरिएको छ । भाषिक संरचनाअन्तर्गत ध्वनिव्यवस्थामा खण्डेतरअन्तर्गत ा, ि, ी, ु, ू, े, ै, ो, ौ मात्रा र खण्डीयअन्तर्गत अ, आ, इ, ई उ, ऊ स्वरवर्ण र व्यञ्जनअन्तर्गत ज्, य्, ल्, त्, ह्, म्, छ्, न्, ग्, ख्, र्, व्, प्, च, ञ्, ट्, ठ्, क्, ध्, ब्, स्, व्, ढ्, द्, ङ्, थ्, ष्, घ्, श् वर्णहरू प्रयोग भएका छन् । शब्दव्यवस्थाअन्तर्गत १४३ शब्दहरूमध्ये कार्यका आधारमा नाम ३९, सर्वनाम १३, विशेषण ५३, क्रियापद २४, स्रोतका आधारमा ४३ तत्सम, ९९ तद्भव, १ आगन्तुक, संरचनाका आधारमा २७ व्युत्पन्न र बाँकी अव्युत्पन्न, २ नामयोगी, १ संयोजक, विस्मयादिबोधक पाँच, ६ क्रियाविशेषण, २७ रूपायित शब्दहरू, २२ नाम पदावली, ४ क्रियापदावली, २ क्रियाविशेषण पदावली, १ नामस्थानिक पदावली, ४ उपवाक्य र ३ वाक्यहरू प्रयोग भएका छन् । आर्थी व्यवस्थाअन्तर्गत ६ पर्यायवाची, ४ विपरीतार्थी, १६ अनेकार्थी तथा ४ समावेशी शब्दहरू, शैलीअन्तर्गत चयनअनुरूप उज्यालो, हिमचुली, गगन, रुख, पवन, खग, मधुर, वय, जवानी स्वर्ग, निशि, हृदय, गति, गौरव, आँखा, तन र उषा पदहरू प्रस्तुत छन् । विचलनअन्तर्गत व्याकरणिक, वर्णविन्यास, वर्णात्मक, आर्थीविचलन र समानान्तरताअन्तर्गत वाक्यावृत्ति र अन्त्यानुप्रासको प्रयोग गरिएको छ । मधुर वय कहाँ गयो प्रश्न उब्जाएर त्यो मेरो वय सब गयो भन्ने उत्तर प्रस्तुत गरिएको छ । एउटा कोइलीले आफ्नो बाल, युवा, वयस्क र वृद्धत्व अवस्थाका बीच तुलना गरी बृद्धत्व प्राप्त हुँदा उत्पन्न दुःखानुभूति आख्यानका रूपमा आएको छ । कोइलीपात्र, हिमचुली, नीलगगन, खोलानाला, रुख, माहेन्द्री दिशा, उदय गिरि स्थानगत, जुनेली, निशि, प्रहर, उषा कालगत, उमेरजन्य प्रभावले कुनै पनि प्राणी त्यसमा पनि मान्छेमा उत्पन्न हुने अनुभूति र युवावयको सुखानुभूति, बुढेसकालको निराशासँगैको दुःखानुभूति र आफ्नो दुवै उमेर समयको प्रकृति उस्तै रहे पनि आफू परिवर्तित हुँदै

गर्दाको तुलना गरी आफ्नो सुमधुर वय गइसकेको मानसिक अनुभूति प्रस्तुत छ । यसप्रकार 'वयोवृद्ध कोइलीको बिलौना' शैलीवैज्ञानिक सामालोचना पद्धतिअनुरूप लेखिएको उत्कृष्ट कविता रहेको पुष्टि हुन्छ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, जयराम. (२०६३). *कुञ्जिनी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. महेन्द्ररत्न क्याम्पस. काठमाडौँ. त्रिवि ।

ओझा, रामनाथ. (२०७७). *नेपाली कविताकाव्य.* काठमाडौँ : करुधारा पब्लिकेशन प्रा. लि. ।

कोइराला, धनपति. (२०७४). *प्रायोगिक भाषाविज्ञान.* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

गौतम, तीर्थकुमारी. (२०६२). *अश्वत्थामा गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. विश्वविद्यालय क्याम्पस. काठमाडौँ. त्रिवि ।

गौतम, सीता. (२०७२). *अन्धवेग नाटकको शैलीवैज्ञानिक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँः. त्रिवि ।

ढुङ्गेल, भोजराज. र दाहाल, दुर्गाप्रसाद. (२०६२). *प्रायोगिक भाषाविज्ञान.* काठमाडौँ : एम. के. पब्लिशर्स एण्ड डिस्टीव्युटर्स प्रा. लि.।

पुडासैनी, वीरेन्द्र. (२०६२). *राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. विश्वविद्यालय क्याम्पस. काठमाडौँ. त्रिवि ।

पौड्याल, लेखनाथ. (२०२४). *लालित्य प्रथम भाग.* (तृतीय संस्करण). काठमाडौँ : पुस्तक संसार ।

भट्टराई, तीर्थराज. (२०६७).*प्रेतकल्प उपन्यासको शैली वैज्ञानिक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. सुकुना बहुमुखी क्याम्पस. मोरङ. त्रिवि ।

भट्टराई, भरतकुमार र दाहाल, घनश्याम. (२०६४). *प्रायोगिक भाषाविज्ञान.* काठमाडौँ : हजुरको प्रकाशन ।

भ्टटराई, रामप्रसाद. (२०७३). *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग.* काठमाडौँ : शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, पारसमणि र अन्य. (२०६८). *प्रायोगिक भाषाविज्ञानका आयाम.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भामह, (सन् २००२). *काव्यालङ्कार.* (व्या. रामानन्द शर्मा). वाराणासी : चौखम्बा संस्कृत सिरिज अफिस ।

लामिछाने, यादवप्रकाश र अन्य. (२०६९). *भाषिक अनुसन्धान विधि.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज. (२०६३). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।